# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## करार सेवाबाट पदपूर्तिकोलागि दरखास्त आह्वानको सूचना
**सूचना नं. १/०७५-०७६**
**प्रथम पटक सूचना प्रकाशन मिति २०७६।०२।०८**

काठमाडौं महानगरपालिका कार्यालयलाई आवश्यक भएका तपशील समूहका पदहरुको करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक उम्मेदवारहरुले काठमाडौं महानगरपालिका परीक्षा संचालन तथा सिफारिश समितिबाट निर्धारित दरखास्त फाराममा सूचना प्रकाशन भएको मितिबाट २१(एकाईस) दिन भित्र रितपूर्वकको दरखास्त दिन हुन सम्बन्धित सबैलाई यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | वि.नं. | पद, तह र सेवा | जम्मापद संख्या | परीक्षा मिति प्रथम पत्र |
|---|---|---|---|---|
| १ | १/०७५।७६ | मेडिकल अधिकृत, सातौं, स्वास्थ्य | १०(दश) | २०७६।२।३० गते का.म.पा. को वेभसाइटः www.Kathmandu.gov.np मा र राष्ट्रिय सभागृहको सूंचना पाटीमा टांस गरिने छ। |
| २ | २/०७५।७६ | हेल्थ असिस्टेण्ट, सहायक स्तर पांचौ, स्वास्थ्य | १०(दश) | |
| ३ | ३/०७५।७६ | स्टाफ नर्स, सहायक स्तर पांचौ, स्वास्थ्य | १०(दश) | |
| ४ | ४/०७५।७६ | ल्याब टेक्निसियन, सहायक स्तर पांचौ, स्वास्थ्य | १०(दश) | |
| ५ | ५/०७५।७६ | कार्यालय सहयोगी, श्रेणी विहिन | ४(चार) | |

द्रष्टव्यः

**परीक्षाको किसिम** :- लिखित परीक्षा तथा अन्तर्वार्ता।

**परीक्षा केन्द्र**:- पछि सूचनाबाट जानकारी गराईने छ।

**परीक्षा दस्तुर**:-मेडिकल अधिकृत सातौतहको लागि रु.१०००।- (एक हजार) र सहायक स्तर पांचौतहको लागि रु.४००।-(चार सय) र श्रेणी विहिनको लागि रु.१००।-(एक सय)

**उम्मेदवारको उमेर हद** :- दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरको पदहरुमा १८ वर्ष पूरा भई ४५वर्ष ननाघेको हुनुपर्नेछ। अधिकृत स्तरको पदका लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ र श्रेणीविहिन पदको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्तदिने अन्तिम मितिः- २०७६।२।२८ गते** सम्म (दरखास्तदिने अन्तिमदिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिनसम्म)

**परीक्षा दस्तुर बुझाउने स्थान** :-काठमाडौं महानगरपालिकाको नविल बैंकमा रहेको चल्ती खाता नं. **०३०६०१७५००१४७** मा रकम बुझाएको सक्कल भौचर दरखास्त फारामसाथ संलग्नगरी **राष्ट्रिय सभागृह, प्रदर्शनीमार्गमा बुझाउनु पर्नेछ।**

**अन्तर्वार्ता हुने मितिः**- लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि सूचना प्रकाशन गरिनेछ।

**पदमा रहीगर्नुपर्ने काम कर्तव्यको विवरणः**- सेवा, समूह सम्बन्धी।

तलबः- प्रचलित स्केल बमोजिम।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

१)अधिकृत स्तर सातौं तह,, स्वास्थ्य, मेडिकल अधिकृतको लागि एम.बी.बी.एस. वा सो सरह उपाधिप्राप्त।

२) सहायक स्तर पांचौ तह, स्वास्थ्य, हेल्थ असिस्टेण्टको लागिः- मान्यताप्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।

३)सहायक स्तर पांचौ तह, स्वास्थ्य, स्टाफ नर्सको लागिः:- मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

४) सहायक स्तर पांचौ तह, स्वास्थ्य, ल्याब टेक्निसियनको लागिः :- मान्यताप्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी ल्याब टेक्निसियनको दुई वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण।

५) कार्यालय सहयोगीको हकमा आठ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने छ।

५) सि.नं. १ देखि ४ सम्मको हकमा सम्बन्धित काउन्सिलको प्रमाणपत्र दरखास्त फारामसाथ अनिवार्य पेश गर्नुपर्ने छ।

**द्रष्टव्यः**

(क)तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा लब्धाङ्क ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गरेको हुनुपर्दछ।

(घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्ने छ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ङ.) सम्बन्धित पदको पाठ्यक्रम का.म.पा. को वेभसाइटः www.Kathmandu.gov.np बाट प्राप्तगर्न सकिंन छ।

परीक्षा संचालन तथा सिफारिश समिति
काठमाडौं महानगरपालिका